**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख ९ गते**
प्रदेश १ मा कोरोना सङ्क्रमितको सङ्ख्या २२ पुगेको छ । २२ जना पुरूष रहेका छन् । उदयपुरको त्रियुगा नगरपालिका - ३ भुल्केको एक मस्जिदमा बस्दै आएका १३ जनामा यसअघि सङ्क्रमण देखिएको थियो । वैशाख ९ गते थप नौ जनामा कोरोना पोजेटिभ देखिएको छ । आठ जनाको कोशी अस्पतालमा परीक्षण गर्दा कोरोना पोजेटिभ देखिएको थियो । उनीहरूको स्वाब पुन : परीक्षणका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको थियो । धरानमा पुन : परीक्षण गर्दा पोजेटिभ रिपोर्ट आएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । उदयपुरका एक जनाको नेपाली सेनाले नमूना सङ्कलन गरी काठमाण्डौंमा परीक्षण गर्दा पोजेटिभ देखिएको थियो । नेपाली सेनाले नमूना सङ्कलन गरेको सबैको रिपोर्ट आउन बाँकी छ । प्रदेश १ मा वैशाख ९ गतेसम्म पीसीआर र आरडिटी विधिबाट ३ हजार ७ सय ७५ जनाको परीक्षण गरिएको छ । कोरोना भाइरसको शङ्कास्पद ६ सय ७८ जनाको नमूना सङ्कलन गरिएको छ ।प्रदेश १ मा गरिएको परीक्षणमा ६८ जना महिला र ३ सय ८० पुरूष गरी ४ सय ४८ जनामा कोरोना नेगेटिभ रिपोर्ट आएको छ । नमूना सङ्कलन गरिएका मध्ये २ सय ९ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।प्रदेश १ मा वैशाख ९ गतेसम्म आरडिटी विधिबाट ३ हजार ९७ जनाको एण्टीवडी परीक्षण गरिएको छ । परीक्षण गरिएका मध्ये ६ जनामा एण्टीवडी पोजेटिभ आएको थियो । उनीहरूको पीसीआर परीक्षणमा कोरोना नेगेटिभ रिपोर्ट आएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । आरडिटी विधिबाट ४ सय ३६ जना महिला र २ हजार ६ सय ५५ जना पुरूष गरी ३ हजार ९१ जनाको रिपोर्ट नेगेटिभ आएको छ । प्रदेश १ मा ४ हजार ५ सय ७१ जना क्षमताको क्वारेन्टाइन निर्माण गरिएको छ । वैशाख ९ गते मात्र १ सय ५३ वेड थपिएको छ । क्वारेन्टाइनमा वैशाख ९ गतेसम्म १ सय २ जना महिला र ८ सय ८० जना पुरूष गरी ९ सय ९२ जना बसेका छन् । दुई जना डिस्चार्ज भएका छन् । आईसोलेशनमा २७ जना भर्ना भएका छन् । आठ जना डिस्चार्ज भएका छन् । प्रदेश १ मा होमक्वारेन्टाइनमा बस्नेको सङ्ख्या ४ हजार ४ सय ८१ जना पुगेको छ । होम क्वारेन्टाइनमा ७ सय २६ जना महिला र ३ हजार ७ सय ५५ जना पुरूष बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारीका** अनुसार ०७७ वैशाख ९ गतेसम्म मोरङमा १ सय ८४ जना पुरूष र २० जना महिला गरी २ सय ४ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ । मोरङमा ६ सय ९३ वेडको क्वारेन्टाइन निर्माण गरिएको छ । मोरङमा वैशाख ९ गतेसम्म आईसोलेशनमा ३४ जना भर्ना भएका छन् । कोशी अस्पतालमा १८, कोभिड -१९ उपचार केन्द्रमा १३, र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन् । मोरङमा १ सय २७ ओटा आईसोलेशन वेड तयार गरिएको छ । मोरङमा वैशाख ९ गतेसम्म १ हजार १ सय ९९ जना पुरूष र २ सय ६६ जना महिला गरी १ हजार ४ सय ६५ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । मोरङमा ९२ जनाको स्वाब परीक्षण गरिएकोमा ९१ जनाकै रिपोर्ट नेगेटिभ आएको छ । एक जनाको रिपोर्ट आउन बाँकी छ । मोरङमा वैशाख ९ गतेसम्म ६ सय ५८ जनाको र्‍यापिड डायग्नोष्टिक टेष्ट (आरडिटी) गरिएको छ । एक जनाको रिपोर्ट पोजेटिभ आएको छ । ४ सय ५७ जनाको आरडिटी रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय मोरङका प्रमुख ज्ञानवहादुर वस्नेतले बताउनुभयो ।
मिक्लाजुङ गाउँपालिका-४ टाँडीमा नेपाली सेनाले निर्माण गरेको क्वारेन्टाइनका टेन्टहरू उडाएको छ । वैशाख ७ र ८ गते राति आएको हावाहुरीले ५० ओटा टेन्ट उडाएको हो ।

नेपाली सेनाको सूर्यदल गणले जङ्गलको चौरमा निर्माण गरेको प्लाष्टिकका टेन्टहरू हावाहुरीले उडाएपछि क्वारेन्टाइनमा बसेकाहरू चिन्तित भएका छन् । गएराति आएको हावाहुरीले करिब ५० ओटा खाली टेन्टहरू भत्काएको छ । भत्किएका सबै टेन्टको पुनः निर्माण भइरहेको सूर्य दलगणका गणपति रघुनाथ पौडेलले बताउनुभयो । हाल टाँडीस्थित क्वारेन्टाइनमा १३ जना निगरानीमा छन् । हालसम्म क्वारेन्टाइनबाट १ सय ४३ जना डिस्चार्ज भएर घर फर्किसकेका छन् ।
मोरङको बेलबारी नगरपालिकाले वैशाख ९ गते नगरक्षेत्रका मस्जिदहरूमा अनुगमन गरेको छ । उपप्रमुख ढाकाकुमारी पराजुली नेतृत्वको टोलीले कोरोना भाइरसको सम्भावित जोखिम हुन नदिन मस्जिदहरूको अनुगमन गरेको जनाएको छ । टोलीले अनुगमनका क्रममा बेलबारी नगरपालिका-७ स्थित मुस्लिम मस्जिद बाहुनी र बेलबारी - २ लालभित्ती पुगि मुस्लिम समुदायका अगुवा एवम् मस्जिद समिति,  मस्जिदका अधिकारीसँग भेटेर आवश्यक जानकारी लिइएको छ । अनुगमनमा मस्जिद सञ्चालन र मुस्लिम समुदायको अवस्थाका बारेमा बुझिएको पराजुलीले बताउनुभयो ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिति भरत खड्का**का अनुसार वैशाख ९ गते उदयपुरमा थप आठ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । उदयपुरमा थप ८ जनामा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण पुष्टि भएको छ । विराटनगरको कोसी अस्पतालको प्रयोगशालामा परीक्षण गर्दा नतिजा शङ्कास्पद आएपछि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पुनः परीक्षण गरिएको थियो । त्यस क्रममा आठै जनामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । सङ्क्रमण देखिएका आठ जना त्यसै त्रियुगा नगरपालिका-३ भुल्केस्थित मस्जिद क्षेत्र वरपरका बासिन्दा हुन् ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार वैशाख ९ गते गरिएको र्‍यापिड डाइग्नोष्टिक टेस्टमा भोजपुरमा एक युवकको कोरोना परीक्षण रिपोर्ट पोजेटिभ आएको छ । हतुवागढी गाउँपालिकाका २६ वर्षीय युवकको द्रुत परीक्षण विधि (आरडीटी) बाट जाँच गर्दा रिपोर्ट पोजेटिभ देखिएको प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरीले जानकारी दिनुभयो  । ०७६ साल फागुन ३० गते साउदीबाट काठमाडौं आएका ती युवक चैत ११ गते हतुवागढी आइपुगेका थिए । होम क्वारेन्टाइनमा रहेका उनलाई पोजेटिभ देखिएपछि प्राथामिक स्वास्थ्य केन्द्र घोरेटारमा रहेको आइसोलेशनमा राखिएको स्वास्थ्य कार्यालय भोजपुरले जानकारी दिएको छ । स्वाब सङ्कलनका लागि वैशाख ९ गते जिल्ला अस्पतालबाट चिकित्सकको टोली हतुवागढी तर्फ गएको स्वास्थ्य कार्यालयले जनाएको छ । उनको स्वाब सङ्कलनन गरेर परीक्षणका लागि वैशाख १० गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाउने कार्यालयले जनाएको छ । तीन जनाको कोरोना परीक्षण गरिएकोमा एक जनाको रिपोर्ट पोजेटिभ आएको हो ।
वैशाख ९ गते अरूण गाउँपालिका वडा - २ चम्पेले ५४ घर परिवारलाई राहत वितरण गरेको छ । वडाभित्रका गरिब, विपन्न, मजदूर घरपरिवारलाई राहत वितरण गरिएको वडा कार्यालयले जनाएको छ । परिवार सङ्ख्यालाई आधार मानेर २५ केजी चामल, १ केजी नुन, १ लिटर तेल र डेढ केजी दाल उपलब्ध गराएको हो । ३ महिनासम्म खान नपुग्ने परिवारहरुको छनौट गरी वडाले राहत वितरण गरेको गाँउपालिकाले जनाएको छ ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार वैशाख ९ गते इटहरी उपमहानगरपालिका-२० तरहराको जङ्गलमा ११ जना भारतीय नागरिक फेला परेका छन् । लकडाउन भएसँगै तरहराको

चारकोशे झाडीमा ११ जना भारतीय नागरिकलाई फेला परेको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ । फेला परेका सबै भारतका मुस्लिम समुदायका हुन् । उनीहरू भोजपुरमा काम गर्नका लागि आएको र लकडाउनले जान नपाएपछि तरहराको खोटो कम्पनी छेउमा बस्दै आएको इलाका प्रहरी कार्यलय इटहरीका डिएसपी धर्मराज भण्डारीले जानकारी दिनुभयो । उनीहरू करिब एक महिना देखि त्यही बस्दै आएको डिएसपी भण्डारीले बताउनुभयो । उनीहरूलाई इटहरी अस्पतालमा राखिएको भण्डारीले जानकारी दिनुभयो । उनीहरूको र्‍यापिड टेष्ट गरी क्वारेन्टाइनमा राखिएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ । फेला परेका सबै तरहरामा बस्दै आएको स्थानीयले बताएका छन् ।
सुनसरीका व्यवसायीहरूले देशका केही बैङ्कहरूले ऋणीको खातामा रहेको मौज्दातबाट ऋणीको अनुमति बिना पैसा असुल गरिएको भन्दै अर्थमन्त्री युवराज खतिवडालाई ध्यानाकर्षण गराएका छन् । मुलुक लकडाउनको अवस्थामा रहँदा उद्योगी व्यवसायी चौपट्ट भएको बेला अर्थमन्त्री डा.युवराज खतिवडाको अध्यक्षतामा वित्तीय क्षेत्र व्यवस्थापन समन्वय समितिले व्यवसायीहरूको पक्षमा गरेको निर्णयलाई बैङ्कहरूले लत्याएको सुनसरी उद्योग वाणिज्य सङ्घले जनाएको छ । सङ्घका सुनसरी अध्यक्ष गिरिधारी सापकोटा र महासचिव राजेश अग्रवालको संयुक्त हस्ताक्षरमा वैशाख ९ गते ध्यानाकर्षण पत्र पठाइएको छ ।
काठमाण्डौं लगायतका देशका विभिन्न स्थानबाट घर फर्किएका पैदल यात्रुलाई मध्यनजर गर्दै कोशी ब्यारेजसहित इनरूवामा नास्ता र खानाको प्रवन्ध मिलाइएको छ । प्रदेश १ को मुख्य प्रवेश नाका रहेको कोशी ब्यारेजमा उद्योग वाणिज्य सङ्घ इनरूवाले चाउचाउ, बिस्कुट र पानी पिउने प्रवन्ध मिलाएको छ । विभिन्न स्थानबाट आएकाहरूलाई ब्यारेजमा प्रहरीले भेला पारी इनरूवा अस्पतालमा स्वास्थ्य परीक्षण गरी गन्तब्यमा फर्काउन थालेसँगै उद्योग वाणिज्य संघ इनरूवाको टोलीले पैदल यात्रुलाई खानपिनको प्रवन्ध थालेको हो ।
धरान उपमहानगरपालिकाले स्थापना गरेको फुड बैङ्कमा खाद्यान्न अभाव भएको छ । फुड बैंकमा अहिले ६० हजार किलो चामल मात्रै मौज्दात रहेको र अझै दोस्रो चरणको राहत वितरण गर्नका लागि २ लाख किलो चामल आवश्यक रहेको धरान उपमहानगरपालिकाका सूचना अधिकृत खगेन्द्र खतिवडाले जानकारी दिनुभयो ।

**इन्सेक ताप्लेजुङ जिल्ला प्रतिनिधि देवराज गुरुङका अनुसार** वैशाख **९ गते**सम्म ९६ जनामा गरिएको र्‍यापिड डाइग्नोस्टिक टेस्ट (आरडीटी) रिपोर्ट नेगेटिभ आएको छ । वैशाख ९ गते पाथीभरा याङवरक गाउँपालिका-६ थुम्बेदिनमा चार जनाको परीक्षण गरिएको थियो । वैशाख ८ गते सिरीजंघा गाउँपालिकामा आठ जना,मिक्वाखोला गाउँपालिका-३ लिवाङमा ५पाँच जना, आठराई त्रिवेणी गाउँपालिकामा वैशाख ७ गते १२ जना र फुङलिङ नगरपालिकास्थित जिल्ला अस्पतालमा एक जनामा परीक्षण गरिएसँगै परीक्षण सङख्या ७४ पुगेको छ ।
वैशाख ९ गतेसम्म २ हजार ३६ घर परिवारलाई राहत वितरण गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । ४४ हजार ४ सय २५ केजी चामल,५ हजार २ सय ५३ केजी दाल,३ हजार १ सय ४६ लिटर तेल र ३ हजार १ सय ४६ केजी नुन र ५ हजार ७ सय ४५ वटा साबुन वितरण गरेको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख ९ गते सङ्खुवासभा विभिन्न स्थानका २४ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । ९ गते जिल्ला अस्पताल खाँदबारीमा दश जना महिला र १३ पुरूषले ज्वरो क्लिनिकमा जाँच गराएका छन् ।

खाँदबारी नगरपालिकाले भिजिट नेपाल २०२० प्रवर्द्धनको शीर्षकमा विनियोजन गरेको २० लाख रुपियाँ बजेट प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्ने भएको छ । नगर कार्यपालिकाको बैठकले उक्त रकम कोरोना भाइरस रोकथामको काममा प्रयोग गर्ने गरी प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्ने निर्णय गरेको हो ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकालका अनुसार** इलाम नगरपालिका-६ स्थित क्वारेन्टाइनमा रहेका दुई जनाको पोलिमर्ज चेन रियाक्सन (पीसीआर) रिपोर्ट नेगेटिभ आएको छ । ज्वरो, रुघाखोकीलगायतका लक्षण देखिएपछि दुवैजनाको स्वाब नमूना विराटनगरस्थित कोसी अस्पताल पठाइएको थियो ।
माङ्सेबुङ गाउँपालिकामा वैशाख ९ मा १८ जनाको र्‍यापिड डाइनोस्टिक टेस्ट (आरडिटी) गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको छ । जिल्ला प्रशासन कार्यालयले होम क्वारेन्टाइनमा राखेका १९ मध्ये १८ जनाको परीक्षण गरिएको हो । यस गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएर फर्केका युवाको आरडिटी गरिएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।
कोरोना भाइरस फैलिन नदिन सुरक्षा अपनाउँदै माइजोगमाई गाउँपालिकामा सय बेडको क्वारेन्टाइन बनाउने तयारी गरिएको छ । माइजोगमाईको नयाँबजारस्थित अमरकल्याण माविमा ५० बेड र नामसालिङ माविमा ५० बेडको क्वारेन्टाइन बनाउने निर्णय भएको माइजोगमाई गाउँपालिका अध्यक्ष जीतबहादुर राईले बताउनुभयो ।
सूर्योदय नगरपालिका-४, सल्लेरी टोलले सूर्योदय विपद् व्यवस्थापन कोषमा १४ हजार ५ सय रुपैयाँ सहयोग उपलब्ध गराएको छ । लकडाउनका कारण घरबाहिर निस्किन नसक्दा रोजीरोटी गुमाएर खाद्यान्न अभाव भएका परिवारलाई सहयोग गर्न रकम उपलब्ध गराइएको सल्लेरी टोलले जनाएको छ ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख ९ गतेसम्म १९ जना महिला र ५६ जना पुरूष गरी जम्मा ७५ जनालाई क्वारेन्टाइनमा राखिएको छ ।
वैदेशिक रोजगारीका लागि दक्षिण कोरियामा कार्यरत शिवकुमार बाँस्कोटा, देउकुमार तामाङ र भविन बाँस्कोटाको आर्थिक सहयोगमा फिदिम नगरपालिका- ७ का १ सय घरपरिवारलाई प्रति व्यक्ति १० केजी चामल वितरण गरिएको छ । फिदिम नगरपालिका र फाल्गुनन्द गाउँपालिकाले बजार क्षेत्रमा वैशाख ९ गते किटनाशक औषधि छरेका छन् ।
**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**